नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्याः २०८३/०८४
च.नं. :

बबरमहल
काठमाडौं, नेपाल।

## गैरकानूनी व्यापार व्यवसाय नगर्ने नगराउने सम्वन्धी अत्यन्त जरुरी सूचना !!!

बजारमा लेवल नभएका, नक्कली तथा कम गुणस्तर भएका, चोरी पैठारी गरिएका फुटवेयर (जुत्ता, चप्पल लगायत) उत्पादनहरुको भौतिक तथा डिजिटल प्लेटफर्मको माध्यमबाट विक्री वितरण भइरहेको भनी विभिन्न माध्यमबाट उजुरी तथा गुनासो प्राप्त भएको सम्बन्धमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ मा उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा ऐनले तोकेबमोजिमको लेवल लगाउनुपर्ने, ऐ. दफा ८ मा पैठारीकर्ताले वस्तु पैठारी गर्दा कानुन बमोजिमका शर्त पूरा गर्नुपर्ने र ऐ. दफा ११ मा वस्तु बिक्री गर्ने बिक्रेताको दायित्व लगायतका कानूनी प्रावधान बमोजिम उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको व्यहोरा सबैमा विदितै छ।

तसर्थ, सम्बन्धित सबै उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताहरूलाई कानूनले तोकेबमोजिमको दायित्व तथा शर्त बन्देज परिपालना गरी उद्योग व्यवसाय सञ्चालन गर्न गराउन हुन सूचित गरिएको छ। उल्लिखित कानून विपरितका कार्यहरू भए गरेको पाइएमा कानून बमोजिम कडा भन्दा कडा कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

मितिः-२०८३/०४/०१

प्रवक्ता
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग